# सवारी साधन लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०३/२०**

यस कम्पनीको स्वमित्वमा रहेको तपसिलमा उल्लेखित सवारी साधन जे जस्तो अवस्थामा छ सोही अबस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त सवारी साधन तल उल्लेखित शर्तहरुको अधिनमा रही खरिद गरिलिन इच्छुक ब्यक्ति, संस्था, फर्म वा कम्पनीहरुले यस कम्पनीको केन्द्रिय कार्यालयको प्रशासन विभागबाट बोलपत्र फारम खरिद गरि यो सूचना प्रकाशित मितिले १५ दिन भित्रमा शिलबन्दी बोलपत्र प्रस्ताव कम्पनीको केन्द्रिय कार्यालय स्थित प्रशासन विभागमा पेश गर्नुहुन आह्वान गरिएको छ।

**लिलाम बिक्री गरीने सवारी साधनको विवरणः**

| क्र.सं. | सवारीसाधनको किसिम | सवारीसाधन रहेको स्थान | बनेको साल | दर्ता नं. |
|---|---|---|---|---|
| १ | Mahendra Bolero | **केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाण्डौ** | 2014 | Ba.11.Cha. 8955 |

**शर्तहरू**

१. बोलपत्र फारम कम्पनीको प्रशासन विभाग, केन्दिय कार्यालय ज्ञानेश्वर, काठमाण्डौ बाट रु. १,०००।०० (एक हजार रूपैया मात्र) (फिर्ता नहुने) रकम यस कम्पनीको नाममा रहेको NIC Asia Bank Ltd., कमलादी शाखाको खाता नं. ३२४१४९६६४१५२४००१ मा जम्मा गरेको भौचर पेश गरी कार्यालय समय भित्र खरिद गरि लिन सकिने छ। फोटोकपी गरी पेश गरेको बोलपत्र फारम मान्य हुने छैन।

२. बोलपत्र प्रस्ताव पेश गर्दा व्यक्तिगत आवेदनको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र संस्थागत आवेदनको हकमा फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी, स्थायि लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, धरौटी वापत जम्मा गरेको रकमको बैंक भौचरको सक्कल प्रति समेत संलग्न गरी शिलबन्दी खामको बाहिरी भागमा सवारीसाधन खरिदको लागि शिलबन्दी बोलपत्र फारम लेखी मिति २०८१।०४।०३ गते बेलुकी ५ः३० बजे भित्र कम्पनीको केन्दिय कार्यालय, ज्ञानेश्वर, काठमाण्डौमा दर्ता गराउनु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै कार्यालय खुलेको दिनमा कार्यलय समय भित्र बोलपत्र दर्ता गरिसक्नु पर्नेछ।

३. बोलपत्र प्रस्ताव दाखिला गर्दा सवारीसाधन खरिदको लागि आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कम्पनीको नाममा रहेको NIC Asia Bank Ltd., कमलादी शाखाको खाता नं. ३२४१४९६६४१५२४००१ मा जम्मा गरेको सक्कल भौचर समेत बोलपत्र फारम साथ संलग्न गरि पेश गर्नुपर्नेछ। बोलपत्र प्रस्ताव स्वीकृत/अस्वीकृत वा बोलपत्र प्रकृया रद्ध सम्बन्धी निर्णय भए पश्चात अस्वीकृत भएका बोलपत्रदाताहरूबाट जम्मा हुन आएको धरौटी रकम सम्बन्धीत बोलपत्रदातालाई फिर्ता गरिनेछ।

४. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ। सच्चाइएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्र प्रस्तावहरू मिति २०८१।०४।०४ गते दिउसो ३ः०० बजे केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाण्डौमा बोलपत्रदाता र कम्पनीका प्रतिनिधीहरूको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजहरूको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिनमा सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्रमा आफुले कबोल गरेको सम्पूर्ण रकम कम्पनीको बैक खातामा दाखिला गरि सवारी साधन आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ। सवारी साधन सकार गरि लिँदा लाग्ने नामसारी शुल्क, बीमा शुल्क, सवारी कर लगायत सरकारी दैदस्तुर सम्बन्धीत बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। तोकिएको समयावधि भित्रमा जम्मा गर्नुपर्ने रकम जम्मा नगरी सवारी साधन नामसारी गरिलिन नसकेमा धरौटी वापतको रकम स्वतः जफत गरिनेछ र बोलपत्र स्वीकृती समेत रद्ध गरी कम्पनीले उक्त सवारी साधन अन्य व्यवस्था गरि बिक्री गर्न सक्नेछ।

७. बोलपत्र दाखिला गरिसकेपछि सो सम्बन्धमा कम्पनीबाट अन्तिम टुंगो नलागे सम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन। इन्कार गरेमा धरौटी वापतको रकम स्वतः जफत हुनेछ।

८. बिक्री गरिने सवारी साधनको बिस्तृत विवरण हेर्न चाहने व्यक्तिले कम्पनीको केन्दिय कार्यालयमा गई हेर्न र बुझ्न सकिनेछ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा बोलपत्र प्रकृया नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहीत रहनेछ।

SuryaJyoti
जीवनको लागि

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२**
**इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com**